आज मिति २०७९ साल जेष्ठ १९ गतेका दिन यस दुल्लू नगरपालिकाका नगर प्रमुख श्री भरत प्रसाद रिजाल ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको प्रथम बैठक बसी तपसिलको उपस्थितिमा देहाय अनुसारको निर्णय गरियो ।

| सि.नं. | पदाधिकारीहरुको नाम थर | ठेगाना | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री भरत प्रसाद रिजाल | दुल्लू न.पा. ५ | नगर प्रमुख | | |
| २ | श्री विना कार्की | दुल्लू न.पा. ४ | उप प्रमुख | | |
| ३ | श्री ज्ञानमणी नेपाल | प्रमुख प्रशासकीय अधिकृत | | | |
| ४ | श्री तर्क बहादुर खड्का | दुल्लू न.पा. १ | वडा अध्यक्ष | | |
| ५ | श्री फारम सिंह थापा | दुल्लू न.पा. २ | वडा अध्यक्ष | | |
| ६ | श्री कुल बहादुर कार्की | दुल्लू न.पा. ३ | वडा अध्यक्ष | | |
| ७ | श्री भ्रमबहादुर भण्डारी | दुल्लू न.पा. ४ | वडा अध्यक्ष | | |
| ८ | श्री पूर्ण प्रसाद उपाध्याय | दुल्लू न.पा. ५ | वडा अध्यक्ष | | |
| ९ | श्री हस्त बहादुर खड्का | दुल्लू न.पा. ६ | वडा अध्यक्ष | | |
| १० | श्री कविराज रावत | दुल्लू न.पा. ७ | वडा अध्यक्ष | | |
| ११ | श्री शुशिल कुमार भण्डारी | दुल्लू न.पा. ८ | वडा अध्यक्ष | | |
| १२ | श्री तिलक प्रसाद उपाध्याय | दुल्लू न.पा. ९ | वडा अध्यक्ष | | |
| १३ | श्री दिपेन्द्र कुमार पुरी | दुल्लू न.पा. १० | वडा अध्यक्ष | | |
| १४ | श्री सुरेन्द्र जंग भण्डारी | दुल्लू न.पा. ११ | वडा अध्यक्ष | | |
| १५ | श्री लिलाराम लम्साल | दुल्लू न.पा. १२ | वडा अध्यक्ष | | |
| १६ | श्री विर्ष बहादुर शाही | दुल्लू न.पा. १३ | वडा अध्यक्ष | | |
| १७ | श्री सिता नेपाली | दुल्लू न.पा. १२ | का.पा. सदस्य | | |
| १८ | श्री सिता शाह | दुल्लू न.पा. ७ | का.पा. सदस्य | | |
| १९ | श्री विस्ना कुमारी कुमाल वि.क. | दुल्लू न.पा. १३ | का.पा. सदस्य | | |
| २० | श्री हिरा खड्का | दुल्लू न.पा. ६ | का.पा. सदस्य | | |
| २१ | श्री नन्दकला बुढा | दुल्लू न.पा. ३ | का.पा. सदस्य | | |
| २२ | श्री कलमे दमाई | दुल्लू न.पा. १ | का.पा. सदस्य | | |
| २३ | श्री धन बहादुर सुनार | दुल्लू न.पा. ११ | का.पा. सदस्य | | |
| २४ | श्री रमेश परियार | दुल्लू न.पा. ८ | का.पा. सदस्य | | |

अन्य आमन्त्रीत

| | | | | | |
|---|---|---|---|---|---|
| | श्री तिलक वि.क. | दुल्लू नपा | अधिकृत सातौं | | |
| | श्री रमेश प्रसाद उपाध्याय | दुल्लू नपा | कम्प्यूटर अपरेटर | | |
| | | | | | |

*मिति २०७९ साल जेष्ठ १९ गतेको प्रथम कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु*

**प्रस्तावहरु :**

१) धन्यवाद ज्ञापन गर्ने सम्बन्धमा ।

२) स्थानीय राजश्व परामर्श समिति गठन गर्ने सम्बन्धमा ।

३) आगामी आ.व. २०७९/०८० का लागि विकास साझेदारीसंग वार्षिक वजेट तथा कार्यक्रम माग गर्ने सम्बन्धमा

४) एक स्थानीय तह एक पशुसेवा उत्पादन विशेष कार्यक्रमको साझेदारी रकम भुक्तानी गर्ने सम्बन्धमा ।

५) खरि बाखाको श्रोतकेन्द्र व्लक स्थापनाका लागि साझेदारी रकम भुक्तानी गर्ने सम्बन्धमा ।

६) विज्ञापन करको शुल्क निर्धारण गर्ने सम्बन्धमा ।

७) आगामी आ.व. २०७९/०८० को वजेट, कार्यक्रम तथा योजना तर्जुमा तालिका स्वीकृत सम्बन्धमा ।

८) कार्यपालिकाको बैठक कक्ष निर्माण गर्ने सम्बन्धमा ।

*निर्णयहरु*

१) प्रस्ताव नं १ माथि छलफल गर्दा दुल्लू नगरपालिकाका अन्तरगत संचालन भएको स्थानीय तह सदस्य निर्वाचन २०७९ सम्पन्न गर्न सहयोग गर्नुहुने उद्योगी, व्यापारी, राजनीतिक दल, सामाजसेवी, शिक्षक, कर्मचारी, बुद्धिजीवी, नेपाल प्रहरी, नेपाली सेना, निर्वाचन तथा मतदानमा खटिने कर्मचारी, पत्रकार, संघ संस्था, पर्यबेक्षक लगायत सम्पूर्ण नगरवासीहरुलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

२) प्रस्ताव नं. २ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ र अन्य प्रचलित कानुनको अधिनमा रही स्थानीय तहले आफ्नो कार्य क्षेत्रभित्र परिचाल गर्न सक्ने राजश्वका स्रोत, दयारा र दर समेतको विश्लेषण गरी आगामी आ.व.मा प्राप्त हुनसक्ने राजश्वको अनुमान गर्ने प्रयोजनका लागि यस नगरपालिकामा देहाय बमोजिमको स्थानीय राजश्व परामर्श समिति गठन गर्ने निर्णय गरियो ।

(क) संयोजक : श्री विना कार्की (नगर उप प्रमुख)

(ख) सदस्य : श्री हिरा खड्का (कार्यपालिका महिला सदस्य)

(ग) सदस्य : श्री शुशिल कुमार भण्डारी (कार्यपालिका सदस्य)

(घ) निजि क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि सदस्य : श्री

(ङ) घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्थाको नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि सदस्य : श्री

(च) कार्यपालिकाको राजश्व शाखा प्रमुख, सदस्य सचिव : श्री जुनु सिँह

३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा आगामी आ.व. २०७९/०८० को यस नगरपालिकाको वजेट, नीति तथा कार्यक्रम २०७९ असार १० गते अनिवार्य ल्याउनु पर्ने कानुनी व्यवस्था भए अनुसार सोका लागि यस

नगरपालिकामा कार्य क्षेत्र भएका विभिन्न सरकारी तथा गैरसरकारी विकास साझेदारीसंग आगामी आ.व. २०७९/०८० बार्षिक वजेट तथा कार्यक्रम मिति २०७९ साल जेष्ठ मसान्तसम्म यस कार्यालयमा पेश गर्ने गरी माग गर्ने निर्णय गरियो ।

४) प्रस्ताव नं. ४ माथि छलफल गर्दा पशु अस्पताल तथा पशु सेवा कार्यालय दैलेखको च.न. २१३ मिति २०७८/१०/१६ गतेको पत्रानुसार यस नगरपालिकालाई चालु आ.व.मा प्राप्त एक स्थानीय तह एक पशुसेवा उत्पादन विशेष कार्यक्रमका लागि कार्यक्रम प्राप्त भएको हुदाँ सो कार्यक्रमका लागि साझेदारी गर्नुपर्ने भएकाले तोकिए अनुसार साझेदारी गर्नुपर्ने रकम यस नगरपालिकाको चालु आ.व. मा विनियोजन गरिएको साझेदारी शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

५) प्रस्ताव नं. ५ माथि छलफल गर्दा पशु अस्पताल तथा पशु सेवा कार्यालय दैलेखको च.न. ३२३ मिति २०७९/०२/१० गतेको पत्रानुसार यस नगरपालिकालाई चालु आ.व.मा प्राप्त खरि बाखाको श्रोतकेन्द्र ब्लक स्थापनाको लागि रु १५ लाखको कार्यक्रम प्राप्त भएको हुदाँ सो कार्यक्रमका लागि साझेदारी गर्नुपर्ने भएकाले उक्त रकममा १० प्रतिशत रकम यस नगरपालिकाको चालु आ.व. मा विनियोजन गरिएको साझेदारी शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

६) प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकाको चालु आ.व. को आर्थिक ऐन, २०७८ को दफा ९ मा विज्ञापन करको सम्बन्धमा स्थानीय सरकार संचालन ऐन २०७४ एवम् यस सम्बन्धी प्रदेश कानुनको अधिनमा रही नगर कार्यपालिकाले निर्णय बमोजिम हुन व्यबस्था भए बमोजिम यस नगरपालिका भित्र गरिने विभिन्न विज्ञानहरुमा देहाय अनुसार कर निर्धारण गर्ने निर्णय गरियो ।

तपसिल

| सि.न. | विज्ञापनको किसिम | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | होडिङ्ग बोर्ड, फ्लेक्स | प्रति वर्ग फिट | रु ४०।०० | |
| २ | भित्ते लेखन | प्रति वर्ग फिट | रु १५।०० | |
| ३ | स्टिकर, पोस्टर, व्यानर | प्रति वर्ग फिट | रु २५।०० | |
| ४ | डिजिटल बोर्ड 2D/3D/ACP | प्रति वर्ग फिट | रु ७५।०० | |
| ५ | ग्लोबोर्ड | प्रति वर्ग फिट | रु ५०।०० | |
| ६ | LED बोर्ड /स्त्रीन/ नियोन साईन बोर्ड | प्रति वर्ग फिट | ८०।०० | |

७) प्रस्ताव नं. ७ माथि छलफल गर्दा आगामी आ.व. २०७९/०८० को वजेट, कार्यक्रम तथा योजना तर्जुमा तालिका तपसिल अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

| सि.न. | क्रियाकलाप | समयावधि | मुख्य जिम्मेवारी |
|---|---|---|---|
| १ | श्रोत अनुमान तथा वजेट सीमा निर्धारण गर्ने | २०७९ जेठ २४ सम्म | श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| २ | नगर कार्यपालिकाको कार्यालयबाट विषयगत शाखा र वडा समितिलाई बजेट सिलिंग तथा मार्गदर्शन पठाउने | २०७९ जेठ २५ सम्म | प्रमुख प्रशासकीय अधिकृत/शाखा प्रमुख |
| ३ | टोल/बस्ती भेलाबाट योजना छनौट गर्ने | २०७९ जेठ ३१ सम्म | वडा समिति |
| ४ | वडा भेलाबाट योजना तथा कार्यक्रम प्राथमिकीकरण गरी नगर कार्यपालिकामा पठाउने | २०७९ असार १ गते | वडा अध्यक्ष/वडा समिति |

| | | | |
|---|---|---|---|
| ५ | विषयगत समितिहरुको बैठक संचालन गर्ने | २०७९ असार ४ गते सम्म | विषयगत समितिका संयोजकहरु |
| ६ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक संचालन गर्ने | २०७९ असार ५ गते सम्म | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| ७ | एघारौं नगर सभा संचालनका लागि पत्राचार गर्ने | २०७९ असार २ गते सम्म | नगर प्रमुख/प्रमुख प्रशासकीय अधिकृत |
| ८ | नगर कार्यपालिकाको बैठकबाट २०७९/०८० को नीति कार्यक्रम तथा बजेट र आर्थिक विधेयक स्वीकृत गर्ने | २०७९ असार ८ गते सम्म | नगर कार्यपालिका/राजश्व परामर्श समिति |
| ९ | नगर सभामा २०७९/०८० को नीति कार्यक्रम तथा वजेट पेश तथा छलफल गर्ने | २०७९ असार १० गते | नगर उप प्रमुख |
| १० | प्रस्तुत नीति कार्यक्रम तथा बजेट माथि छलफल तथा थपघट गर्न आवश्यक भए सुझाव सहित कार्यपालिकामा पठाउने | २०७९ असार १५गते सम्म | नगर उप प्रमुख/कार्यपालिका |
| ११ | नगर सभाबाट प्राप्त सुझाब उप नगर कार्यपालिकामा छलफल तथा आबश्यक निर्णय गरि २०७९/०८० को नीति कार्यक्रम तथा बजेट नगर सभामा पठाउने | २०७९ असार २० गते सम्म | नगर उप प्रमुख/कार्यपालिका |
| १२ | उप प्रमुखद्धारा नगर सभामा प्रस्तुत आ.व. २०७९/०८० को नीति कार्यक्रम तथा वजेट स्वीकृतीका लागि निर्णयार्थ सभामा प्रस्तुत गर्ने/नगर सभाबाट स्वीकृत गर्ने | २०७९ असार २५ गते सम्म | नगर प्रमुख/नगर उप प्रमुख |

८) प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिकाको सभाहल (क) लाई कार्यपालिकाको बैठक कक्षको रुपमा निर्माण गर्नका लागि आवश्यक व्यवस्था मिलाउनका लागि नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।